F.N. 006

# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal

मिति: २०८१।११।१६

*Ref. No.* ४२०४।०८१।०८२

# विज्ञप्ति

*आदरणीय*
*धरान उपमहानगरपालिकाका सम्पूर्ण लब्धप्रतिष्ठित समाजसेवी, बुद्धिजिवी, नागरिक अगुवा, राजनैतिक दल एवं सरोकारवाला निकाय प्रमुखज्यूहरु,*

मिति २०८१ फागुन १५ गते प्रतिष्ठानको मूल गेट पश्चिम तर्फको ग्रिनबेल्ट क्षेत्रमा धरान उपमहानगरपालिकाद्वारा शिलान्यास भनि गरिएको समयमा प्रतिष्ठानको तर्फबाट रजिष्ट्रारज्यूले स्थलगत रुपमा गई नगर प्रमुखज्यूलाई केही कुरा राख्न अनुरोध गर्दा नगर प्रमुखज्यूबाट कर्मचारीले जनप्रतिनिधिसँग कुरा गर्ने हैसियत नरहेको भनि दिएको अभिव्यक्ति सामान्य मानविय व्यवहार अनुरुपको पनि नभएको र धरान उपमहानगरपालिका प्रमुख स्वयं प्रतिष्ठानको संचालक परिषद्को पदेन सदस्य रहेकोले प्रतिष्ठानको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निवाईह गर्नुपर्नेमा प्रतिष्ठानको रजिष्ट्रार पद सामान्य कर्मचारी मात्र नभई नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय बमोजिम प्रतिष्ठान संचालनका लागि पूर्णकालिन एक पदाधिकारी रहेको हुँदा नगर प्रमुख प्रतिष्ठानको गरिमामय संचालक परिषद्को सदस्य रहि संचालक परिषद्को अर्को सदस्यलाई गरिएको व्यवहारले गरिमामय संचालक परिषद्को सदस्यको जिम्मेवारी पनि बहन नगरेको ठहर गर्दै उक्त अभिव्यक्ति एवं व्यवहार प्रति बैठकमा उपस्थित सम्पूर्ण पदाधिकारी, संचालक परिषद् सदस्यज्यूहरु, डीनज्यूहरु, विभिन्न कलेज प्रमुखज्यूहरु, विभागीय प्रमुखज्यूहरु, महाशाखा/शाखा प्रमुखज्यूहरु लगायत शिक्षक कल्याण समाज एवं कर्मचारी कल्याण समाजका प्रतिनिधिहरुबाट समग्र प्रतिष्ठान एक ढिक्का भई खेद तथा निन्दा प्रकट गर्ने निर्णय भएको व्यहोरा जानकारी गराइन्छ ।

साथै, नेपाल सरकारबाट प्रतिष्ठानको नाममा नामसारी भई हालसम्म आफ्नो स्वामित्वमा रहेको प्रतिष्ठानको उक्त भू-क्षेत्रमा हुने कुनै पनि प्रकारको हस्तक्षेप एवं अतिक्रमण नसहने र त्यसको विरुद्धमा प्रतिष्ठान परिवार एक ढिक्का भई आफ्नो संस्थागत अस्थित्वका लागि कानुनी उपचारमा जानुपर्ने भनि प्रतिष्ठानका सम्पूर्ण सरोकारवालहरु सहमत भई प्रतिष्ठानले चर्चेको जग्गाको संरक्षण एवं सम्बर्द्धनका लागि प्रतिष्ठानका कुलपति, सहकुलपति तथा जिल्ला प्रशासन कार्यालय, सुनसरी मार्फत जानकारी गराई कानुनी उपचारको माध्यमबाट निकास निकाल्ने यद्यपि दुबै संस्था नेपाल सरकार मातहतको सार्वजनिक सरोकारको संस्था भएको हुनाले आपसी छलफल तथा अन्तर्क्रिया र संवादबाट नै समस्याको समाधान निस्कने कुरामा प्रतिष्ठान विश्वस्त रहदै हाल धरान उपमहानगरपालिकाद्वारा शिलान्यास गरिएको भनिएको विषयलाई यथास्थितिमा राखी पुन: संवाद र वार्ताको माध्यमबाट समस्याको समाधानका लागि प्रतिष्ठान हार्दिक अपिल गर्दछ । साथै संस्थागत संवाद र वार्ताका लागि आवश्यक समन्वय एवं पहलका लागि धरानका सम्पूर्ण लब्धप्रतिष्ठित समाजसेवी, बुद्धिजिवी, नागरिक अगुवा, राजनैतिक दल लगायत सबै सरोकारवाला निकायहरुमा प्रतिष्ठान हार्दिक अपिल गर्दछ ।

प्रा.डा.सुर्य प्रसाद संग्रौला
रजिष्ट्रार

*Head Office, Dharan : 977-25-525555, 977-25-521017 ; Fax: 977-25-520251 ; E-mail: bpkihs@bpkihs.edu*
*Kathmandu Office : 01-4372263, P. O. Box 7053, Kathmandu ; url: www.bpkihs.edu*